– सबिना सिन्धु

बालकथा

# एन्थोनको नाच्ने बिरालो

म बसेको घरको माथिल्लो तलामा पिटर एन्थोन बस्थ्यो । उसका बुबा आमा एम्बेसीमा काम गर्नुहुन्थ्यो । बुबाको ट्रान्सफर नेपालमा भएपछि उसकी आमाले पनि यहीँ जागिर मिलाउनु भएको थियो । त्यसपछि हामी बसेको घरमा उनीहरु बस्न आएका थिए । ऊ दुब्लो शरीर भएको गोरो वर्णको अमेरिकन थियो । उसका हरेक गतिविधि मलाई अनौठो लाग्थ्यो । ऊ हामी जस्तो पुतली खेल्दैनथ्यो । न त साना केटाहरु जस्तै गुच्चा नै खेल्थ्यो । ऊ मलाई क्याटवरी चक्लेट दिने गर्थ्यो र म उसलाई आमाले पकाउनु भएको मीठो गुन्द्रुकको झोल दिने गर्थें । यसरी एन्थोन र मेरो दोस्ती बढेको थियो । उसको नेपाली बौल्ने शैली मलाई खुब मन पर्थ्यो । मेरै उमेरको भएपनि म उसलाई 'फुच्चे अमेरिकन' भनेर जिस्काउँथें । जिस्काउँदा ऊ रिसाउँदैनथ्यो बरु मख्ख पर्थ्यो ।

एकदिन शिला आन्टिले धारामा पानी लिन जाँदा एन्थोनको नाच्ने बिरालोको बारेमा कुरा गर्नु भयो । आमाले पनि एन्थोनको बिरालो देख्नु भएको रहेछ । उहाँ भन्दै हुनुहुन्थ्यो , " थाहा छ सिन्धु एन्थोनको बिरालो पछाडिको दुइवटा खुट्टाले उभिन्छ र अगाडिको दुइवटा खुट्टा उचालेर नाच्न थाल्छ । नाच्नु अघि उसले आँखा झिम्क्याउँछ र पुच्छर हल्लाउँछ । मैले एन्थोनको नाच्ने बिरालो देखेको थिइन । उसले कहिल्यै मलाई देखाएको थिएन ।"

मामाघरमा पालेको बिरालो म्याउँ–म्याउँ गर्थ्यो तर नाच्न जान्दैनथ्यो । म बिरालोको कल्पना गर्न थालें । " साना–साना बिरालाहरु त राम्रा हुन्छन् । बोकेर हिँड्न पनि रमाइलो हुन्छ ।" मैले मनमनै सोचें ।

त्यसदिन भान्छामा आमाले दुध राख्नु भएको रहेछ । पाउना आउँछन् भनेर राख्नु भएको दुध मैले सबै पिएर सिध्याइदिएँ । मलाई डर लाग्न थाल्यो आमाले सोध्नु भयो भने के भन्ने होला ? मैले एउटा जुक्ति निकालें र दौडिँदै गएर आमालाई भनें,"आमा ! आमा ! ! एन्थोनको नाच्ने बिरालो लुसुक्क हाम्रो भान्छामा छिरेछ । त्यसले भान्छाको सबै दुध सिध्याइदियो । " आमा अनौठोसँग हाँस्नुभयो । उहाँले मेरो कुरा विश्वास गर्नु भयो, भनेर म ढुक्क भएको थिएँ ।

मेरो खेल्ने साथी कोही थिएन त्यसैले एन्थोनलाई पर्खिरहेको थिएँ । एन्थोन अँग्रेजी गीत गुन्गुनाउँदै तल झर्यो । मैले मौका पाइहालें र भनें , " एन्थोन ! ! मलाई तिम्रो नाच्ने बिरालो देखाउ न ।" उसले मलाई कोठामा लग्यो र मीठो चक्लेट खान दियो । दराजबाट एउटा खेलौना झिक्यो । त्यसलाई 'दम ' दियो । एन्थोनको नाच्ने बिरालो ब्याट्रिबाट चल्ने खेलौना बिरालो पो रहेछ । त्यो बिरालोले आँखा झिम्क्यायो, पुच्छर हल्लायो र साँच्चै नाच्न थाल्यो । मैले मनमनै सोचें – " निर्जिव बिरालोले पनि दुध पिउन सक्छ त !" मैले झुठो बोलेर गल्ति गरेछु जस्तो लाग्यो । मैले साहस बटुलें र आमा सामु गएर भनें, "आमा ! दुध चोर्ने त, म पो हुँ । एन्थोनको नाच्ने बिरालोले दुध चोरेको होइन । "

गल्ति गरें तर त्यसको प्रायश्चित पनि गरें ।

परिचय :

नाम :– सबिना सिन्धु
ठेगाना :– कपिलाकोट ९, सिन्धुली
प्रकाशित कृति :– परिवर्तन कविता सङ्ग्रह (२०५९)
सूर्योदयको क्यानभास संयुक्त कविता सङ्ग्रह (२०६१)

सम्पादन :– पारिजात द्वैमासिक, बलेनी कविता क्यालेण्डर आदि

शिक्षा :– स्नातकोत्तर (अध्ययनरत)

पुरस्कार :–
- प्रज्ञा कथा पुरस्कार–२०६१(नेपाल प्रज्ञा प्रतिष्ठान), शब्दसंयोजन युवा कथा प्रतियोगिता
- २०६२
- छात्रा वक्तृत्वकला प्रतियोगिता ,प्रथम , महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय– (२०६१)
- काठमाडौ उपत्यकाब्यापी छैटौं कविता प्रतियोगिता (२०५३) आदि